जनमुखी पत्रकारिताको अभ्यास

# लाल बिगुल

Lalbigul National Daily राष्ट्रिय दैनिक

वर्ष:- १५ | अंक:- ७१ | २०८२ साल असोज २४ शुक्रबार | (October 10, 2025) | पृष्ठ संख्या:- ४ | मुल्य रु : ५।-

## जेनजी सहिद परिवारले मागे सरकारसंग तीन मन्त्रालय



बिगूल समाचार
२४ असोज २०८२

जेनजी आन्दोलनका शहीद परिवारहरूले सरकारसँग तीन वटा मन्त्रालयमा आफ्ना प्रतिनिधिहरूको नियुक्तिका लागि माग गरेका छन्।

बिहीवार आयोजित पत्रकार सम्मेलनमा जेनजी आन्दोलन शहीद परिवार संघर्ष समितिले शहीदहरूको रगतबाट बनेको सरकारले उनीहरूलाई नै बेवास्ता गरेको भन्दै कडा आपत्ति जनाएको छ । समितिका पदाधिकारीहरूले खबरदारीका लागि भए पनि क्याबिनेटमा शहीद परिवारको उपस्थिति अनिवार्य भएको बताए ।

शहीद श्रीयाम चौलागाईंका बुवा गणेश चौलागाईंले भावुक मुद्रामा बोल्दै प्रधानमन्त्री सुशीला कार्कीका साथै विभिन्न जेनजी समूहका नेताहरूले पनि आफूहरूलाई वास्ता नगरेको गुनासो गर्नुभयो । "हामीले पटक-पटक विभिन्न मन्त्रालयहरूमा ज्ञापनपत्र बुझाए पनि सरकार बाट कुनै सम्बोधन भएको छैन । शहीद परिवारहरूले गहिरो पीडा भोग्नुपरेको छ," उहाँले भन्नुभयो । उहाँले शहीदहरूको बलिदानलाई सम्मान गर्न सरकारले तत्काल कदम चाल्नुपर्ने जोड दिनुभयो ।

सो समितिले सरकारसमक्ष श्रम तथा रोजगार मन्त्रालयमा शहीद विजय चौधरीका दाजु दीपक चौधरी, खानेपानी तथा सरसफाई मन्त्रालयमा शहीद इश्वर अधिकारीका आफन्त भोजविक्रम थापा र युवा तथा खेलकुद मन्त्रालयमा शहीद योगेन्द्र न्यौपानेका मामा कमल सुवेदीको नाम सिफारिस गरेको छ । समितिका एक पदाधिकारीले यो माग शहीद परिवारको प्रतिनिधित्व र न्यायको आधारभूत अधिकार भएको बताउनुभयो ।

समितिका सह-संयोजकका अनुसार, यो माग ७ दिनभित्र सम्बोधन नगरे सडकमा सशक्त आन्दोलनमा उत्रिने चेतावनी दिइएको छ । "शहीदहरूको सपना पूरा गर्न हामी कुनै पनि कदमबाट पछि हट्दैनौं," उहाँले भन्नुभयो । जेनजी आन्दोलनका शहीद तथा घाइते परिवारहरूले यसअघि पनि आन्दोलनको उपलब्धि रक्षा गर्न एकजुट हुन आह्वान गर्दै आएका छन् । भदौ २३ र २४ गतेका घटनाको छानबिन गरी दोषीमाथि कारबाहीको माग पनि उनीहरूले दोहोर्याएका छन् ।

यो घटनाले जेनजी आन्दोलनका उपलब्धिहरूको रक्षा र शहीद परिवारको हकहितका लागि थप बहस सिर्जना गरेको छ। सरकारले यो मागलाई कसरी सम्बोधन गर्ने, हेर्न बाँकी छ ।

## मन्त्रिपरिषद् बैठकका ६ निर्णय : इलामलाई विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा



बिगूल समाचार
२४ असोज २०८२

काठमाडौं । सरकारले अविरल वर्षासँगैको बाढीपहिरोबाट प्रभावित इलाम जिल्लालाई विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गरेको छ ।

सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आज बसेको मन्त्रिपरिषद् बैठकले तीन महिनाका लागि इलामलाई विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गर्ने निर्णय गरेको सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले जानकारी दिनुभयो ।

यही असोज १८ गतेदेखि परेको अविरल वर्षाका कारण गएको पहिरो र बाढीमा परी पूर्वी पहाडी जिल्ला इलाममा ३९ जनाको मृत्यु भएको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जनाएको छ । सोही घटनामा परी एक जना बेपत्ता र २६ घाइते भएका थिए । बाढी र पहिरोबाट इलामको सडक सञ्जालमा ठूलो क्षति पुगेको छ ।

बैठकले जलविद्युत् आयोजना निर्माणका लागि स्रोत व्यवस्थापन गर्न २० अर्ब बराबरको ऊर्जा वण्ड चरणबद्ध रुपमा निष्काशन गर्न नेपाल विद्युत् प्राधिकरणलाई स्वीकृति दिएको छ । मन्त्रिपरिषद् बैठकले प्रहरी नायब महानिरीक्षकहरु सुशीलसिंह राठौर, उमाप्रसाद चतुर्वेदी, हिमालयकुमार श्रेष्ठ र डम्बरबहादुर विश्वकर्मालाई प्रहरी अतिरिक्त महानिरीक्षक पदमा बढुवा गरी पदस्थापन गर्ने निर्णय गरेको छ ।

बैठकले भूमि समस्या समाधान आयोग गठन आदेश, २०८१ बमोजिम गठन भएको भूमि समस्या समाधान आयोग र सबै जिल्लाका जिल्ला समिति खारेज गरेको छ । मन्त्रिपरिषद् बैठकले त्रिभुवन विश्वविद्यालयको जग्गा तथा अचल सम्पत्ति खोजबिन समिति २०८१ ले पेस गरेको प्रतिवेदन कार्यान्वयनका लागि शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयमा पठाएको छ ।

अध्यागमन र भिजिट भिसाका सन्दर्भमा विगतदेखि देखिएका समस्या समाधान गर्न गठित उच्चस्तरीय अध्ययन एवं छानबिन समिति २०८२ ले पेस गरेको प्रतिवेदन कार्यान्वयनका लागि गृह मन्त्रालयमा पठाइको छ ।

त्यस्तै नागरिक उड्डयन क्षेत्रको सुधारका लागि गठित उच्चस्तरीय अध्ययन एवं सुझाव समितिले पेस गरेको प्रतिवेदन २०८२ कार्यान्वयनका लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा पठाउने निर्णय भएको सरकारका प्रवक्ता खरेलले जानकारी दिनुभयो ।

## गगनको प्रस्ताव : देउवालाई बाहिर राखेर नियमित महाधिवेशन गरौं

बिगूल समाचार
२४ असोज २०८२

नेपाली कांग्रेसका महामन्त्री गगन थापाले पार्टी सभापति शेरबहादुर देउवालाई बाहिर राखेर नियमित महाधिवेशन गर्नुपर्ने प्रस्ताव अघि सारेका छन् ।

सानेपास्थित पार्टी केन्द्रीय कार्यालयमा जारी पदाधिकारी तथा पूर्वपदाधिकारीको बैठकमा थापाले वर्तमान नेतृत्वको कार्यसमितिको म्याद नथपी मसिरभित्र महाधिवेशन गर्ने एजेन्डा प्रस्तुत गरेका हुन् ।

वर्तमान कार्यसमितिको म्याद आगामी मसिरमा समाप्त हुँदैछ । थापाले सभापति देउवालाई कार्यवाहक तोकेर नियमित महाधिवेशनमा जाने प्रस्ताव बैठकमा राखेका छन् ।

"महामन्त्री गगनजीले सभापतिज्यूलाई बाहिर राखेर कार्यसमितिको म्याद नथपी महाधिवेशन गर्ने प्रस्ताव एजेन्डाका रूपमा प्रस्तुत गर्नुभएको छ," बैठकमा सहभागी एक पदाधिकारीले बताए ।




हाल उपसभापति पूर्णबहादुर खड्काको अध्यक्षतामा बैठक चलिरहेको छ । बैठकमा इतर समूहका नेता डा. शेखर कोइराला पनि सहभागी छन् । यो बैठकले असोज २६ गतेका लागि बोलाइएको केन्द्रीय कार्यसमिति बैठकका एजेन्डा तय गर्ने अपेक्षा गरिएको छ ।

सभापति देउवा हाल बैठकमा सहभागी भएका छैनन्। भदौ २४ गते जेनजी आन्दोलनका क्रममा आन्दोलनकारीले बुढानीलकण्ठस्थित उनकै निवासमा कुटपिट गर्दा उनको गर्दनमा गहिरो चोट लागेको थियो। चोटमा १२ टाँका लगाइएको र घाउ पूर्ण रूपमा निको नभइसकेकाले उनी बैठकमा उपस्थित नभएको नेताहरूले बताएका छन् ।

## कञ्चनपुरमा खैरो हेरोइनसहित एक युवक र युवती पक्राउ

बिगूल समाचार
२४ असोज २०८२

कञ्चनपुर । कञ्चनपुरमा खैरो हेरोइनसहित एक युवक र युवती पक्राउ परेका छन् ।

जिल्लाको भीमदत्त नगरपालिका-११ गड्डाचौकी स्थित भारतबाट नेपाल आउने क्रममा बेदकोट नगरपालिका-२ बस्ने १९ वर्षकी पुष्पा जोशी र २२ वर्षीय सुरज बिष्टलाई प्रहरीले खैरो हेरोइनसहित पक्राउ गरेको छ ।

उनीहरुको साथबाट ३ ग्राम ७३० मिलिग्राम लागूऔषध खैरो हेरोइन फेला पारी उक्त पदार्थसहित दुबैजनालाई लागु औषध नियन्त्रण ब्युरो महेन्द्रनगर कञ्चनपुर र इलाका प्रहरी कार्यालय गड्डाचौकीबाट खटिएको संयुक्त प्रहरी टोलीले नियन्त्रणमा लिएको छ । यी दुवै जनामाथि थप अनुसन्धान भईरहेको प्रहरीले जनाएको छ ।

"लागूपदार्थको बिक्री, वितरण तथा ओसारपसार गर्नु कानुनविरुद्धको कार्य हो।"

लोक प्रय पत्रिका लाल बिगूल राष्ट्रिय दैनिक अव प्रत्येक दिन www.lalbigul.com मा बिहान ई- पत्रिकामा पनि उपलब्ध छ ।

# लाल बिगूल राष्ट्रिय दैनिक

२०८२ साल असोज २४ शुक्रबार




## सम्पादकीय

### "हतियार र अपराधीको खोजीमा सरकार किन मौन ?"

नेपालमा पछिल्लो समय देखिएको सुरक्षाजन्य अवस्थाले आम नागरिकमा गहिरो त्रास सिर्जना गरेको छ । जेनजी आन्दोलनका क्रममा देशका विभिन्न कारागार तथा सुधार गृहबाट भागेका १४ हजार १७१ कैदीबन्दीमध्ये करिब ५ हजार ७०० जना अझै फरार रहेको तथ्य आफैंमा डर लाग्दो छ । यति धेरै अपराधीहरू खुलेआम समाजमा हिँडिरहेका अवस्थामा नागरिकको सुरक्षाबोध स्वाभाविक रूपमा कमजोर भएको छ ।

चाडपर्व नजिकिँदै गर्दा चोरी, डकैती तथा अन्य आपराधिक गतिविधि बढ्ने सम्भावना उच्च देखिन्छ। हालै विभिन्न स्थानमा भएका चोरी तथा हिंसात्मक घटनाले त्यसको संकेत गरिसकेका छन् । यसले जनजीवनमा असुरक्षा थपिएको छ । फरारमध्ये धेरैजसो जघन्य अपराधमा संलग्न व्यक्ति भएकाले जोखिम अझ गम्भीर बनेको छ। कतिपयले फेरि अपराध दोहोर्याएको समाचार सार्वजनिक भइसकेका छन् ।

सरकारले फरार कैदीबन्दी नियन्त्रणका लागि सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा कार्यदल गठन गरेको भए पनि कामको गति अत्यन्त सुस्त छ। यदि सरकारले सुरक्षाको जिम्मेवारीलाई प्राथमिकता दिएर प्रहरी परिचालन गर्ने हो भने छोटो समयमा धेरै फरार कैदीलाई पक्राउ गर्न सकिन्छ। नेपाल प्रहरीसँग हरेक कैदीबन्दीको तीनपुस्ते विवरण र सम्पर्क अभिलेख उपलब्ध छ । यति आधार हुँदाहुँदै पनि ठोस परिणाम नआउनु राज्य संयन्त्रको कमजोरी हो ।

आन्दोलनको अवसरमा चोरी भएका हतियार समेत अपराधी समूहको हातमा पर्नु अर्को ठूलो खतरा हो। यसले समाजमा अझ ठूलो आपराधिक घटना भड्काउन सक्छ। त्यसैले फरार कैदीबन्दी मात्र होइन, हराएका हतियार फिर्ता ल्याउन पनि सरकारले कडाइका साथ अभियान सञ्चालन गर्न जरुरी छ ।

राजनीतिक दबाबमा अपराधीलाई संरक्षण गर्ने प्रवृत्ति देखिनु पनि चिन्ताको विषय हो । अपराधीलाई "आन्दोलनकारी" भनेर बचाउने प्रयासले कानुनको शासनमाथि गम्भीर प्रहार गर्नेछ । फरार अपराधी नियन्त्रणमा ढिलाइ हुँदा जनताले सरकारप्रति विश्वास गुमाउने छ ।

५ महिनापछि आमनिर्वाचनको तयारी भइरहेको अवस्थामा अपराधीलाई छिट्टै नियन्त्रणमा नलिए सुरक्षा संकट गहिरिनेछ । चुनावी माहोलमा अपराधीहरू खुलेआम हिँडिरहेको अवस्थाले शान्ति र स्थिरता सम्भव हुँदैन । यसैले सरकारले तुरुन्तै कडा कदम चाल्नुपर्छ ।

फरार अपराधी र चोरी भएका हतियार फिर्ता ल्याउन ठोस अभियान सञ्चालन गर्नु र अपराधीलाई राजनीतिक संरक्षणविना कानुनको दायरामा ल्याउनु अहिलेको मुख्य जिम्मेवारी हो। नागरिक सुरक्षा राज्यको पहिलो कर्तव्य हो । जबसम्म अपराधीहरू समाजमा हिँडिरहेका हुन्छन्, जनताले सरकारको उपस्थिति महसुस गर्न सक्दैनन् । त्यसैले सरकारले ढिलो नगरी निर्णायक कदम चाल्नैपर्छ ।

"हतियार र अपराधीको खोजीमा सरकार किन ढिला ?" के वर्तमान सरकारको काम चुनाव गराउनु मात्रै हो ? जेन-जीका नाममा अपराधीलाई छुट दिने कार्य सहि हो ? अपराधीहरू समाजमा खुलेआम घुमिरहदा आम नागरिक सुरक्षित हुन सक्छन ? आदि प्रश्नहरू आम जनमानसमा उब्जिरहेका छन् । त्यसैले सरकारले इन्तु परन्तु, दाया बाया नहेकन अपराधीहरूलाई कारागार ल्याउनु हो। जसले नागरिक सुरक्षित भएको महसुस गरून । समाजमा अपराधीहरूलाई खुलेआम छोड्ने हो । भने अपराध नियन्त्रण गर्न सकिदैन र देश अर्को संकटको खाडला जाने निश्चित छ त्यसैले सरकारले तत्काल कदम चाल्नु पर्छ। अहिलेको प्रमुख जिम्मेवारी भनेको नै अपराधीहरूलाई नियन्त्रणमा लिन हो। यो कुरा सरकारले कान खोलेर सन्नु पर्ने हुन्छ।

# ओलीको अहंकारले शेरबहादुर स्वाहा



✍ निनाम लोवात्ती

**कुन देशले नेपाललाई नहेपेको होस् ? अरू त अरू भुटानले समेत हेप्छ, हेपेको छ, शरणार्थी मामिलामा । भने अमेरिका र अमेरिकाको मेटा कम्पनी, उसले किन नहेपोस् र ? फेरि नेपालमा भ्रष्टचार नै नभएको कहाँ हो र ? सामान्य ढंगले हेर्दा देशको प्रधानमन्त्री रहेका ओलीले एक विदेशी कम्पनीसँग प्रतिशोध लिने धृष्ठताले नेपालका पहिलो पुस्ताका प्रायः नेताहरू घानमा परे ।**

तत्कालीन केपी ओलीको दुईतिहाइको सरकारले गत २२ भदौदेखि अनिश्चितकालका लागि (कानुनी रूपमा दर्ता हुन नआएसम्म) भन्दै नेपालमा चालु रहेका विभिन्न सामाजिक सञ्जालमध्ये २६ वटा सामाजिक सञ्जाल बन्द गर्यो। विदेशी कम्पनीहरूले नेपालको कानुन नमानेको र नेपाललाई हेपेको ठानेर ओली सरकारले फेसबुकलगायत २६ वटा सामाजिक सञ्जालहरू बन्द गरेपछि जेनजी समूहमा पर्ने युवाहरू २३ भदौमा विभिन्न माग राखी आन्दोलनमा उत्रे । सामाजिक सञ्जालको आर्थिक लाभ तथा हानिको पाटो छुट्टै होला, तर जनतालाई सुसूचित गराउने मामिलामा सामाजिक सञ्जालको भूमिकालाई कत्ति पनि नजरअन्दाज गर्न मिल्दैन । यस अर्थमा हेर्ने हो भने सामाजिक सञ्जाल सञ्चालन मेटा कम्पनीका लागिभन्दा पनि नेपालका लागि बढी आवश्यक हो । यद्यपि, हाम्रा लागि अनिवार्य आवश्यकता हो भन्दैमा हाम्रो देशको नियम कानुन उसका लागि लागू हुनै हुँदैन भन्न किमार्थ सकिन्न । तर यसलाई कानुनी प्रक्रियाभित्र छिराउन कारबाहीको धम्कीभन्दा पनि कूटनीतिक पहल उपयुक्त बाटो थियो ।

सूचना प्रविधिको यो युगमा फेसबुक, युट्युब जस्ता जनजीवनको अंग बनिसकेका कतिपय सामाजिक सञ्जाल राज्यद्वारा नै बन्द गराइनु भनेको एकप्रकारले प्रतिगमन थियो भन्ने हेक्का सत्ता सहयात्री कांग्रेसले समेत राख्न सकेन । एकातिर अभिव्यक्ति स्वतन्त्रताले लोकतन्त्र बलियो हुन्छ भन्ने हाम्रो संविधानको मर्म हो, अर्कातिर विश्वमा कस्तो कस्तो शासन व्यवस्था अपनाउने देशहरूले फेसबुक, युट्युब लगायतका सामाजिक सञ्जाललाई अनुमति दिएका छैनन् ? र कस्ता कस्ता शासन व्यवस्था अपनाएका देशहरूले अनुमति दिएका छन् ? भन्ने सूची हेर्ने हो भने धेरै कुरा छर्लंग हुन्थ्यो ।

त्यसो त विपक्षी दलहरूले पनि जनताले अपेक्षा गरे अनुसारको खबरदारी प्रकट नगर्नु अर्को बिडम्बना थियो । सेवा प्रदायक कम्पनीहरूलाई आफ्नो देशका नियम कानुनले तोकेका दायराभित्र ल्याउनेभन्दा पनि सरकारमा रहनेहरूका गतिविधिप्रति बढ्दो जनआक्रोशलाई मुखमा बुझो लगाएर निस्तेज गर्ने नियतमा त सरकार छैन ? भन्ने प्रश्न उठ्नु स्वभाविकै हो । मेटा कम्पनीलाई कानुनी दायरामा ल्याउने प्रक्रिया पनि जारी राख्दै यसका लागि कूटनीतिक पहल पनि गर्नुपर्नेमा सरकार चुक्यो। सुकेको खरमा आगो झोस्ने काम सामाजिक सन्जाल बन्द गर्ने ओली सरकारको कदमले नै गरेको हो ।

सरकारले बन्द गरेको सामाजिक सञ्जालहरू खोल्नुपर्ने, भ्रष्टाचार नियन्त्रण गर्नुपर्ने सुशासन कायम गनुपर्नेलगायत माग राखेर शान्तिपूर्ण ढंगले आन्दोलन गरेका थिए । तर, नेपालको राजनीतिक इतिहासमा आन्दोलनका क्रममा केही घण्टामै १९ जना मानिसहरू मरे । संभवतः यो नेपालको इतिहासमा सबैभन्दा ठुलो नरसंहार पनि हो कि, सामान्य माग राखेर गरिएको आन्दोलनका क्रममा एकै दिन १९ जनाको मृत्यु हुनु ।

जेनेरेसन जेड (जेनजी) आन्दोलनको २ दिनमा जुन किसिमको घटना भयो, त्यस्तो किसिमको घटना होला भनेर कसैले कल्पना गरेको थिएन। तर त्यो साह्रै दुःखदायी घटना घटेको थियो। के भनिन्छ भने, जेनजी युवाहरूको मकसद खासमा त्यस्तो थिएन । आन्दोलनको मूल जरोचाहिँ तत्कालीन प्रधानमन्त्री ओली हुन्। किनभने, ओलीले बेला छँदै जेनजीको मागप्रति सकारात्मक हुनु, सकारात्मक ढंगले आन्दोलनलाई निप्टारा लगाउनेतर्फ कदम चाल्नुको सट्टा अन्टसन्ट भाषण गरे ।

होला, विदेशीले हामी नेपालीलाई हेप्यो। सन्दर्भ हो, फेसबुकको मूल कम्पनी मेटाले नेपालमा संस्थागत भ्रष्टाचार छ, त्यसैले म भ्रष्टाचार हुने देशमा दर्ता हुँदिनँ भनेको भन्ने सन्दर्भ । जुन सन्दर्भलाई ओलीले र उनको कोटरीले राष्ट्रवादको आवरण दिन खोजे । जबकी कुन देशले नेपाललाई नहेपेको होस् ? अरू त अरू भुटानले समेत हेप्छ, हेपेको छ, शरणार्थी मामिलामा । भने अमेरिका र अमेरिकाको मेटा कम्पनी, उसले किन नहेपोस् र ? फेरि नेपालमा भ्रष्टाचार नै नभएको कहाँ हो र ? सामान्य ढंगले हेर्दा देशको प्रधानमन्त्री रहेका ओलीले एक विदेशी कम्पनीसँग प्रतिशोध लिने धृष्ठताले नेपालका पहिलो पुस्ताका प्रायः नेताहरू घानमा परे ।

त्यसरी देशको प्रधानमन्त्री रहेका ओली (पूर्व प्रधानमन्त्री) ले एक विदेशी कम्पनीसँग आफू र आफ्नो देशलाई हेपेको ठानेर प्रतिशोध लिने धृष्ठता गर्दा सबैभन्दा ठूलो घानमा परे, नेपाली कांग्रेसका सभापति तथा पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा। जो नेपालमा ५-५ पटक प्रधानमन्त्री भइसकेका व्यक्ति हुन् भने छैटौंपटक प्रधानमन्त्री हुने आशामा ढुक्कसँग बसेका थिए। तर, उनी आन्दोलनकारीको घानमा नराम्रोसँग परे, मार खाए ।

केबल शेरबहादुरले मात्रै मार खाएनन्, उनकी धर्मपत्नी तथा ओली सरकारकी परराष्ट्रमन्त्री आरजु राणा देउवाले पनि नराम्रोसँग मार खाइन् । सबैभन्दा ठुलो आश्चर्यचाहिँ आन्दोलनकारीको अराजक भिडले देउवाको घरबाट करोडौं नेपाली रुपैयाँ र विदेशी मुद्रा (अमेरिकी डलर) निकाल्नुलाई मान्नुपर्ने हुन्छ । तर अचम्म सो कुरोलाई नेपाली मिडिया र नेपाली मिडियामा कार्यरत पत्रकारहरूले चाहिँ अहिलेसम्म अनदेखा गरिरहेको छ, शिवाय केही यु ट्युबरबाहेक ।

संयोग कस्तो भने, जुन बेला जेनजीको आन्दोलनका क्रममा एकै दिन १९ जना युवाको मृत्यु भयो, त्यसको भोलिपल्ट आन्दोलन भड्केर उग्र रूप लियो। आन्दोलन भड्केर उग्र रूप लिएको दिन थियो, भदौ २४ अर्थात् नेपाली कांग्रेसका नेता एवं कार्यकर्ताले मान्ने गरेको 'महामानव' बिपी कोइरालाको जन्म दिन वा भनौं जन्म-जयन्ती । हो यो वर्ष पनि २४ भदौमा बिपी कोराइरालाको ११२ औं बिपी जन्म-जयन्ती मनाइँदै थियो। तर बिपी कोइरालाको जन्म १९७१ भदौ २४ मा भएको थियो ।

जब १९७४ सालमा भीमशमशेर राणा नेपालका श्री ३ महाराज भए, भीमशमशेर आफू प्रधानमन्त्री हुने बित्तिकै कृष्णप्रसाद कोइरालालाई आममाफी दिए । त्यसपछि कृष्णप्रसाद कोइराला र उहाँका अन्य परिवारहरू पुनः नेपाल आई बस्न थाल्नुभयो । बिपी संस्थापक रहेको नेपाली कांग्रेस पार्टीले बिपी कोइरालाको सिद्धान्त, आदर्श, विचार, नीति र कार्यक्रमअनुसार आफू सरकारमा जाँदा वा भनौं नेपाली कांग्रेसको सरकार बन्दा नेपाली कांग्रेसका नेता तथा कार्यकर्ताहरूले आफू प्रधानमन्त्री, उपप्रधानमन्त्री, मन्त्री, राज्यमन्त्री एवं सहायकमन्त्री हुँदा के-कति कामहरू गर्यो ? त्यसको फेहरिस्त पेस गर्ने काम त नेपाली कांग्रेसले पार्टीले विगतमा गरेकै होला र, भविष्यमा पनि गर्दै जाला । त्यो काम नेपाली कांग्रेस पार्टीको निजी मामिला भयो ।

हुनतः नेपाली कांग्रेसले बिपीको आदर्शलाई सदैव लागू गर्या छ त ? यो प्रश्न धेरै गम्भीर रहेको छ। जेजस्तो भए तापनि नेपालमा लगभग १०४ वर्षदेखि जरा गाडेर बसेको राणाशासन त्यति सजिलै ढल्नेवाला थिएन । त्यो विषम परिस्थितिमा पनि बिपीले २ कांग्रेसलाई एक गरे । त्यसैले 'नेपाली राष्ट्रिय कांग्रेस' र 'नेपाल प्रजातन्त्र कांग्रेस' एक हुनुको विकल्प थिएन। नभन्दै २००६ चैत १४ मा तदनुसार सन् १९५० मार्च २६ का दिन 'राष्ट्रिय कांग्रेस'का अध्यक्ष बिपी कोइराला एवं 'नेपाल प्रजातन्त्र कांग्रेस'का अध्यक्ष महेन्द्रविक्रम शाहले एक संयुक्त वक्तव्य प्रकाशित गर्नुभयो । त्यसको लगत्तै २६ चैत २००६ मा कलकत्ताको टाइगर सिनेमा हलमा एकीकृत सम्मेलनकै झल्को दिने बृहत् भेला आयोजना गरियो । भेलामा उपस्थित भएका प्रतिनिधिहरूले आफ्नो राजनीतिक पार्टीमा रहेको, बीचमा रहेको शब्द 'राष्ट्रिय' र 'प्रजातन्त्र' भन्ने शब्द हटाउन सहमत भए ।

२०१५ सालमा भएको आमनिर्वाचनपछि छोटो समयका लागि बिपी कोइराला देशको कार्यकारी प्रमुख अर्थात् देशको प्रधानमन्त्री हुँदा गर्नुभएको केही अविस्मरणीय कामहरूलाई हामीले सम्झनुपर्नेजस्तो लाग्छ। जस्तै सबैभन्दा पहिले त्यो बेला सरकार प्रमुखको तलब २ हजार ५०० रहेकोमा आफू प्रधानमन्त्री हुने बित्तिकै घटाएर १ हजार ५०० बनाए । त्यसै गरी मन्त्रीको तलब १ हजार ५०० रहेकोमा त्यसलाई घटाएर १ हजारमा झारे ।

त्यस्तै गरेर बिपी कोइरालाले देशविदेशमा समेत प्रभाव पर्ने काम बिर्ता उन्मूलन गर्नु, भूमि सुधार कार्यक्रम लागू गर्ने प्रयास गर्नु बिर्ताका रूपमा रहेको वनजंगल राष्ट्रियकरण गर्नु, नेपाली मुद्रा प्रचलनमा ल्याउनु, भारतीय रुपैयाँको स्थिर विनिमय दर (१०० भारुको १६०) तोक्नु, करको दर तोक्नु र सबैलाई करको दायरामा ल्याउने प्रयास गर्नु आदि रहेको थियो । अहिले सम्झने हो भने, बिपी कोइराला ज्यूले त्यो बेलाको जमानामा सबैभन्दा क्रान्तिकारी र महत्त्वपूर्ण कदम चालेको चाहिँ सामन्तवादको अवशेषका रूपमा रहेको ससाना भुरे-टाकुरे राज्यका राजा अर्थात् राज्य-रजौटाहरूलाई उन्मूलन गरेकोलाई लिनुपर्नेजस्तो लाग्छ। जुन काम लरतरो आँटले गर्न सकिँदैन थियो ।

अहिलेका अधिकांश पहिलो पुस्ताका नेपाली कांग्रेसका नेताहरू बिपीको आदर्शअनुसार चलेको भए सायद जेनजीको नाममा २ दिनसम्म चलेको आन्दोलन जो थियो, दोस्रो दिनको अराजक भिड आन्दोलनका क्रममा शेरबहादुर लगायत बिपीका अन्य केही चेलाहरूले त्यसरी मार खानुपर्ने थिएन कि ? भन्ने अनुमान गर्न सकिन्छ। तर बिपीको आदर्शअनुसार चल्नुको सट्टा आफू आफूले सामन्तवादको अवशेषका रूपमा रहेको ससाना भुरे-टाकुरे राज्य खडा नगरे पनि गुट र उपगुटहरू घडा गरे ।

त्यस्ता गुट र उपगुटहरू चलाउन र टिकाइराख्न करोडौं, अर्बौं नेपाली रुपैयाँ र विदेशी मुद्रा (अमेरिकी डलर) जोगाड गर्न थाले । त्यस्तो रकम वैध कमाइबाट संभव थिएन । अतः अवैध कमाइ अर्थात् ठुलठुला आयोजनाबाट घुस, कमिसन, ठेक्का-पट्टा, नियुक्ति आदिबाट कमाई गर्नतिर ध्यान दिन थाले । अन्ततः महामानव अर्थात् बिपीका धेरै चेलाहरूको विजोग भयो। त्यसमा सबैभन्दा विजोग अर्थात् हरिविजोगचाहिँ छैटौंपटक नेपालको कार्यकारी अथवा भनौं प्रधानमन्त्री पद पर्खेर बसेका शेरबहादुर देउवाको भयो । संभवतः केपी ओलीको अहंकारका कारण 'शेरबहादुर देउवा स्वाहा भए !' भन्दा अतिशयोक्ति नहोला ?


**लाल बिगूल राष्ट्रि दैनिकद्वारा जनहितमा जारी सन्देश**

**मताधिकार सबैको अधिकार !**

**समयमै मतदाता नामावलीमा आफ्नो नाम दर्ता गरौं ।**

**अगामी निर्वाचनमा गर्वका साथ मतदान गरौं ।**

करन साउँद

प्रकाशक/सम्पादक

## डडेल्धुरा जिल्ला केहि महत्वपूर्ण नम्बरहरु

- लाल बिगूल दैनिकः- ९८५८७५१६००/९८०५५९९७५०
- जिल्ला प्रशासन कार्यालय डडेल्धुराः- ०९६-४२०१३३/४२०५५५
- जिल्ला अदालत डडेल्धुराः- ०९६-४२०१३०/४२०४८३
- जिल्ला समन्वय समिति डडेल्धुराः- ०९६-४१०१४४
- जिल्ला प्रहरी कार्यालय डडेल्धुराः- ०९६-४२०१९९/४२०१७६
- रणबम गण दहब्यारेक डडेल्धुराः- ०९६-४२०२००/४२०५००
- राष्ट्रिय अनुसन्धान कार्यालय डडेल्धुराः ०९६-४२०१७७
- रा.प्र.ब. नेपाल ५२ नं. गुल्म हेडक्वाटरः- ९८५१२७२५१३
- डडेल्धुरा अस्पताल डडेल्धुराः- ०९६-४१०२४५/४२०१६५
- शिक्षा विकास तथा समन्वय इकाई डडेल्धुराः- ०९६-४२०१३५
- भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र डडेल्धुराः- ०९६-४१०११४
- खनेपानी तथा सरसफाई डिभिजन कार्यालय डडेल्धुराः- ०९६-४१०१५०
- स्वास्थ्य कार्यालय डडेल्धुराः- ०९६-४१०११८/४१०२३८
- डिभिजन बन कार्यालय डडेल्धुराः- ०९६-४२०१४५
- जिल्ला सरकारी वकिल कार्यालय डडेल्धुराः- ०९६-४२०२३७
- जलस्रोत तथा सिचाई डिभिजन कार्यालय डडेल्धुराः- ०९६-४१०१२५
- कृषि ज्ञान केन्द्र डडेल्धुराः- ०९६-४१०११२
- भू- तथा जलाधार व्यवस्थापन कारयालय डडेल्धुराः- ०९६-४१०११५
- मालपोत कार्यालय डडेल्धुराः- ०९६-४१०१७१
- नापी कार्यालय डडेल्धुराः- ०९६-४१०१६७
- कोष तथा लेखा नियन्त्रण कार्यालय डडेल्धुराः- ०९६-४१०१७७
- जिल्ला आयुर्वेदिक स्वास्थ्य केन्द्र डडेल्धुराः- ०९६-४१०१०६
- घरेलु तथा साना उद्योग कार्यालय डडेल्धुराः- ०९६-४१०१६४
- तरकारी विउ उत्पादन केन्द्र डडेल्धुराः- ०९६-४२०१७५
- जिल्ला निर्वाचन कार्यालय डडेल्धुराः- ०९६-४१०१५४
- जिल्ला हुलाक कार्यालय डडेल्धुराः- ०९६-४२०१४१
- शाखा तथ्याङ्क कार्यलय डडेल्धुराः- ०९६-४१०१८५
- जल तथा मौसम विज्ञान विभाग डडेल्धुराः- ०९६-४२०२२१
- डडेल्धुरा कारागार शाखाः- ०९६-४१९२१५
- जिल्ला खेलकुद समिति डडेल्धुराः- ९८४८७२८२६३
- यातायात कार्यालय डडेल्धुराः- ०९६-४२०२४१
- सामाजिक विकास कार्यालय डडेल्धुराः- ९८५८७८३२३२
- अमरगढी नगरपालिका डडेल्धुराः- ०९६-४१०२२२
- परशुराम नगरपालिका डडेल्धुराः- ०९६-४११००४
- अजयमेरू गाउँपालिका डडेल्धुराः- ९८५५७८५५५०
- गन्यापधुरा गाउँपालिका डडेल्धुराः- ९८५८७८८७०७
- आलिताल गाउँपालिका डडेल्धुराः- ९८५८७८१०२०
- भागेश्वर गाउँपालिका डडेल्धुराः- ९८४१९६३८९६
- नवदुर्गा गाउँपालिका डडेल्धुराः- ९८५८७४५४३०
- प्रधानमन्त्री कृषि आधुनीकरण परियोजनाः- ०९६-४१००९२
- आन्तरिक राजश्व कार्यालय डडेल्धुराः- ०९६-४१०३०८
- खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालयः- ९८५८७७५००४
- पूर्वाधार विकास कार्यालय डडेल्धुराः- ०९६-४१००६१
- राष्ट्रिय परीक्षा बोर्ड डडेल्धुराः- ०९६-४२०२१३/४२०२१४
- नेपाल विद्युत प्राधिकरण डडेल्धुराः- ०९६-४२०२४५/४२०४७५
- दुरसञ्चार कार्यालय डडेल्धुराः- ०९६-४२०१०८
- साल्ट ट्रेडिङ्ग डडेल्धुराः- ९८४८८०५५८२
- जोगबुढा अस्पताल लालढुङ्गा डडेल्धुराः- ०९६-४११००८
- इलाका प्रशासन कार्यालय जोगबुढा डडेल्धुराः- ०९६-४११०७२
- डडेल्धुरा उग्रतारा यातायात प्रा.लि. डडेल्धुराः- ०९६-४२००६३
- बिजुली बस सेवा प्रा.लि. डडेल्धुराः- ९८५८७५३०५५
- डडेल्धुरा सार्वजनिक पुस्तकालय डडेल्धुराः- ०९६-४२०३५३
- जिल्ला रेडक्रस ब्लडका लागिः- ९८४७०९०१७४
- एम्बुलेन्स डडेल्धुरा अस्पतालः- ०९६-४१०१६५
- उद्योग विणिज्य संघ डडेल्धुराः- ०९६-४२०६११
- बहुउद्देश्यीय विकास समाज डडेल्धुराः- ०९६-४१००१३
- रुडुक डडेल्धुराः- ०९६-४१०४०२
- महिला मुक्ति समाज डडेल्धुराः- ०९६-४२०३८९
- एकीकृत विकास समाज डडेल्धुराः- ०९६-४२०१७९
- हरमस नेपालः- ०९६-४२०१४७
- नेपाली काङ्ग्रेस डडेल्धुराः- ०९६-४२०१६९
- नेकपा एमाले डडेल्धुराः- ०९६-४१०१०५
- नेकपा (माओवादी केन्द्र) डडेल्धुराः- ९८५११५१००८
- राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ९८४९७११५३८
- नेकपा एकीकृत समाजवादी डडेल्धुराः- ९८५८७५१४३५
- डडेल्धुरा बहुमुखी क्याम्पस डडेल्धुराः- ०९६-४१०१८९
- त्रिवेणी बहुमुखी क्याम्पस जोगबुढाः- ९८५८७८६२५८
- भिमदत्त बहुमुकी क्याम्पस डडेल्धुराः- ०९६-४२०७५०
- मिहेन्द्र मा.वि. डडेल्धुरा :- ९८४८७६६०३०
- न्यू कैलपाल अप्सेट प्रेस, डडेल्धुरा :- ०९६-४१०११६

**तपाईको ठाउँमा हुने हरेक घटना समाचार बन्न सक्छन् त्यसैले तपाईहरूको साथी लाल बिगूल राष्ट्रिय दैनिकलाई सम्झिनु होला।**

# डडेल्धुरा अस्पताल डडेल्धुरा

## समाजिक सेवा एकाईमा समावेश भएका लक्षित समूहहरू

| क्र.सं. | लक्षित समुह | आवश्यक कागजातहरू |
|---|---|---|
| १ | गरिब | नेपाल सरकारबाट प्रदान गरिएको परिचय पत्र, स्थानीय निकायको सिफारिस र उपचारमा संलग्न चिकित्सक / स्वास्थ्यकर्मीद्वारा सेवाग्राही अवलोकनमा साथ वस्तुनिष्ट सिफारिस |
| २ | असहाय | नेपाल सरकारबाट प्रदान गरिएको परिचय पत्र, स्थानीय निकायको सिफारिस र उपचारमा संलग्न चिकित्सक / स्वास्थ्यकर्मीद्वारा सेवाग्राही अवलोकनमा साथ वस्तुनिष्ट सिफारिस |
| ३ | अपाङ्ग भएको व्यक्ति | नेपाल सरकारबाट प्राप्त अपाङ्ग परिचय पत्र, परिचय पत्र-'क'वर्गकोलाई पूर्ण तथा 'ख' वर्गलाई छुट |
| ४ | जेष्ठ नागरिक | नेपाल सरकारबाट जेष्ठ नागरिकका रूपमा समाजिक सुरक्षा भत्ता पाउने गरी उपलब्ध गराईएको परिचयपत्र र नेपाली नागरिकताको प्रतिलिपी |
| ५ | लैङ्गिक हिंसा प्रभावित (बालवालिका समेत) | जिल्ला प्रहरी तथा जिल्ला प्रशासन कार्यालय र अस्पतालको एकद्वार संकट व्यवस्थापन केन्द्रको लैङ्गिक हिंसा सिफारिस पत्र |
| ६ | महिला स्वास्थ्य स्वयम सेविका | महिला स्वास्थ्य स्वयम सेविका परिचय पत्र |
| ७ | प्राकृतिक प्रकोपबाट प्रभावित व्यक्ति | जिल्ला प्रहरी तथा जिल्ला प्रशासन र सबन्धित निकायको सिफारिस पत्र |
| ८ | शहिद परिवार | शहिद परिवार परिचय पत्र |
| ९ | कुपोषित बालवालिका | उपचारमा संलग्न चिकित्सक/स्वास्थ्यकर्मीको सिफारिस |
| १० | लोपउन्मुख जाती | संवैधानिक व्यवस्था अनुसारका जातीहरु |
| ११ | दुर्घटना परेका र प्रहरीद्वारा ल्याईएको थुनुवा बिमारीहरू | संलग्न प्रहरी प्रतिवेदन र पत्र |

नोटः आवश्यक कागजात र प्रक्रिया नपुगेका व्यक्तिहरूलाई सामाजिक सेवा उपलब्ध हुने छैन ।

- हाललाई एक व्यक्तिलाई एक महिनामा एक पटक मात्र सामाजिक सेवा मार्फतको सेवा उपलब्ध गराईनेछ ।
- नयाँ विमारीका हकमा सामाजिक सेवा इकाई मार्फतको ओ.पि.डि. । टिकट बनाउने समय-सार्वजनिक बिदाका दिन बाहेक बिहिवार सम्म बिहान १०:०० बजे देखि दिउँसो १:०० बजेट सम्म र शुक्रबार १२:०० बजे सम्म मात्र बनाइने छ । साथै अन्य प्रयोजनका लागि दिउँसो कार्यालय अवधी भर मात्रै काउन्टर खुल्ला रहने छ ।

**सामाजिक सेवा एकाई**
**डडेल्धुरा अस्पताल डडेल्धुरा**

## खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय डडेल्धुराद्वारा जनहितमा जारी सन्देश

- बजारबाट खाद्य वस्तु खरिद गर्दा उत्पादन मिति (Manufacture Date), उपभोग मिति (Expiry Date) र ब्याच नम्बर अनिवार्यरूपमा जाँच गर्नुहोस् ।
- प्याकेजिङ्ग नभएका, दुर्गन्धित, फोहर तथा शंकास्पद वस्तु नकिन्नुहोस् ।
- गुणस्तर चिन्ह (जस्तैः NS मार्क) भएको वस्तु मात्र उपभोग गर्नुहोस् ।
- नुन, तेल, चिनी, दुधजन्य पदार्थ लगायत दैनिक उपभोग्य वस्तु खरिद गर्दा सरकारी मापदण्डमा आधारित छन् कि छैनन् भन्ने जाँच गर्नुहोस् ।
- कुनैपनि खाद्य वस्तुमा शंकास्पद गतिविधि देखिएमा वा म्याद नाघेका वस्तु बिक्री भइरहेको भएमा नजिकको उपभोक्ता मञ्च वा यस कार्यालयमा जानकारी गराउनुहोस् ।
- कस्वस्थ्य जिवनका लागि सुरक्षित खानेकुराको आवश्यकता हुन्छ । त्यसैले झिंगा भन्केका वा धूलो परेका खुल्ला रूपमा बेचिने मिठाई, पानीपुरी, चटपटे जस्ता खानेकुरा नखानुहोस् ।

"म्याद र गुणस्तर हेरेर मात्र सुरक्षित खानेकुरा रोजौं ।
स्वस्थ जीवनको समृद्ध मुलुक र गुणस्तर चिन्हलाई नै खोजौं ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
**खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय डडेल्धुरा**

## साईपाल गाउँपालिका बझाङको अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं । आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुऱ्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकको अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

**साईपाल गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**काडा, बझाङ**

## स्वास्थ्य शाखाको जनहितमा जारी सन्देश

- खोपले रोगबाट बचाउँछ त्यसैले सबै बालबालिकालाई पूर्ण खोप लगाउनुहोस् नियमित खोप कार्यक्रममा सहभागी हुनुहोस् ।
- सुरक्षित मातृत्व - गर्भवती महिलाले कम्तिमा चारपटक गर्भजाँच गराउनुहोस् र स्वास्थ्य संस्थामा नै प्रसूति गराउनुहोस् ।
- गर्मी मौसममा हुन सक्ने झाडापखला लगायतका रोगहरूबाट बच्नका लागि साबुन पानीले हात धुनुहोस्, शुद्ध पानी पिउनुहोस्, खानेकुरा छोपेर राख्नुहोस्
- क्षयरोग नियन्त्रण दुई हप्ता भन्दा बढी खोकी लागेमा क्षयरोग परीक्षण गराउनुहोस् क्षयरोगको औषधि पूर्ण अवधि सेवन गर्नुहोस् ।
- डेंगु रोकथामका पानी जम्ने भाँडाहरू खालीह गर्नुहोस्, लामखुट्टेको टोकाइबाट बच्नुहोस्, ज्वरो आएमा तुरुन्त स्वास्थ्य संस्थामा जानुहोस्
- पोषण सुधार हजार दिनका आमा र बच्चालाई पौष्टिक आहार दिनुहोस्,

**स्वास्थ्य शाखा**
**अमरगढी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**अमरगढी डडेल्धुरा**

लाल बिगूल राष्ट्रिय दैनिक
जि.प्र.का.ड.द.नं. १४/०६७/६८, जि.हु.का.ड.द.नं. ३४/२०८२/८३
२०८२ साल असोज २४ शुक्रवार


# पोखरा लिची बगैंचा जग्गा प्रकरणः दुई पूर्वमन्त्रीसहित ७ जनाविरुद्ध भ्रष्टाचार मुद्दा

बिगूल समाचार
२२ असोज २०८२

पोखरा महानगरपालिका-१६ को लिची बगैंचाको १३५ रोपनी जग्गा हडप्ने प्रयासमा भएको घुस लेनदेन प्रकरणमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले दुई पूर्वमन्त्रीसहित सात जनाविरुद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको छ ।

मुद्दा दायर हुनेमा पूर्व संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री राजकुमार गुप्ता, पूर्व भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री रञ्जिता श्रेष्ठ, तत्कालीन मालपोत कार्यालय कास्कीका प्रमुख रामचन्द्र अधिकारी, भूमि आयोग कास्कीका आकांक्षी खमबहादुर पुन र बिचौलियाहरू सुजन लामा, यमकुमारी गुरूङ र तुल्सीराम बुढामगर रहेका छन् । अख्तियारले यी सातै जनासँग उनीहरूको संलग्नताको आधारमा २५ लाखदेखि ७८ लाख रूपैयाँसम्म बिगो माग गरेको छ ।

### मन्त्री र कर्मचारीको भूमिकाः सरुवा र नियुक्तिको 'मोलमोलाई'

यो प्रकरणमा तत्कालीन मन्त्रीद्वय गुप्ता र श्रेष्ठले बिचौलियाहरूसँग मिलेमतो गरी घुस लिएको पुष्टि भएको अख्तियारको दाबी छ । अनुसन्धान अनुसार, घुस लेनदेनको अडिओ संवाद सार्वजनिक हुनुअघि नै मालपोत प्रमुख रामचन्द्र अधिकारीलाई पोखरा मालपोत कार्यालयमा फिर्ता ल्याउन र खमबहादुर पुनलाई भूमि आयोग कास्कीको अध्यक्षमा नियुक्त गर्न मन्त्रीहरूले सहजीकरण गरिदिएका थिए ।

अडिओ संवादअनुसार, रामचन्द्र अधिकारीलाई फिर्ता ल्याउन ५३ लाख र खमबहादुरलाई अध्यक्ष बनाउन २५ लाख गरी कुल ७८ लाख रूपैयाँ घुस लेनदेन भएको थियो। पूर्वमन्त्री गुप्ताले त अधिकारीको फिर्तीका लागि आफ्नो मन्त्रालयका सचिवलाई पटक-पटक निर्देशन दिएको प्रमाणसमेत अख्तियारले फेला पारेको छ । काम सम्पन्न नभएपछि घुस लेनदेनको अडिओ संवाद सार्वजनिक भएको अख्तियारको भनाइ छ । घुस लेनदेनको प्रबन्ध मिलाएपछि दुवै पूर्वमन्त्री बिचौलिया सुजन लामालाई लिएर जग्गा हेर्नसमेत गएको अख्तियारले जनाएको छ ।

### बिचौलियाको षड्यन्त्र र रकम व्यवस्थापन

जग्गा हडप्ने षड्यन्त्रको सुरुवात बिचौलिया समूहबाट भएको थियो । सर्वोच्च अदालतको पुरानो फैसलालाई आधार बनाएर जग्गा दाबी गर्न आएका शाहका हकवालाहरू मालपोत प्रमुख अधिकारीले काम नगरिदिएपछि बिचौलिया सुजन लामाको सम्पर्कमा पुगेका थिए ।

## घुस लेनदेनमा कसको कस्तो भूमिका ?



त्यसपछि सुजन लामा, यमकुमारी गुरूङ र तुल्सीराम बुढामगरले जग्गा नामसारी गराएबापत कुल जग्गाको ४० प्रतिशत (५४ रोपनी) पाउने गरी २०८१ जेठ २० गते करारनामा गरे। यो ४० प्रतिशत हिस्सा सुनिश्चित गर्न उनीहरूले नै मन्त्री र कर्मचारीलाई घुस रकमको व्यवस्थापन गरेका थिए। रकम व्यवस्थापनको मुख्य काम तुल्सीराम बुढामगरले यम कुमारी गुरूङको नाममा खोलिएको खातामा १ करोड ७५ लाख रूपैयाँ जम्मा गरेर गरेका थिए। अख्तियारले यही खाताबाट घुस लेनदेनको काम भएको प्रमाण जुटाएको छ ।

### मालपोत प्रमुखको मिलेमतो

तत्कालीन मालपोत प्रमुख रामचन्द्र अधिकारीले बिचौलिया सुजन लामासँग मिलेमतो गरेर जग्गा नामसारीको प्रक्रिया अघि बढाएका थिए । उनले दुर्गादेवीका हकवालाहरूको निवेदन कार्यान्वयन गर्न नापी कार्यालय, जिल्ला अदालत र वडा कार्यालयमा पत्राचार समेत गरेका थिए । यसअघि सर्वोच्चको फैसला स्पष्ट नभएको भन्दै रोक्का रहेको जग्गाको स्वामित्व फेर्ने कार्यमा उनको भूमिका प्रमुख रहेको देखिन्छ ।

### जग्गाको विवादित इतिहास

यो जग्गाको विवाद पुरानो हो । मुस्ताङका थकालीहरूले बसोबास गरेको यो जग्गालाई २०४१ सालमा सर्वोच्च अदालतले राणाहरूका छोरी दुर्गादेवी र गीतादेवी शाहको नाममा हुने फैसला गरेको थियो । तर फैसलाले जग्गाको कित्ता र नापनक्सा किटान नगरेकाले र शाह परिवारले पनि दाबी नगरेकाले २०५९ सालको नापीमा पहिले नै लालपुर्जा लिएका थकालीहरूकै नाममा जग्गा हालसाबिक भएको थियो । अहिले बिचौलियाहरूले सोही अस्पष्ट फैसलालाई हतियार बनाएर जग्गा हडप्ने प्रयास गरेको अनुसन्धानबाट खुलेको छ ।

घुस लेनदेनका फरक समयका आरोपहरूमा तत्कालीन मन्त्री बलराम अधिकारी र पूर्वमन्त्री रञ्जिताका पीएसओ रोशन लोहनी माथि भने छुट्टै अनुसन्धान भइरहेको अख्तियारले जानकारी दिएको छ ।


## स्वस्थ रहौँ, सचेत रहौँ, पानी उमालेर पिउने बानी बसालौँ !

स्वास्थ्य कार्यालय डडेल्धुराद्वारा जनहितमा जारी सन्देश

## नवदुर्गा गाउँपालिका डडेल्धुराको अनुरोध

- बालबालिका
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- जैविक विविधताको संरक्षण, संवर्धन र रक्षा गरौं । प्राकृतिक सन्तुलन कायम राख्न यो अपरिहार्य छ । वातावरण सफा राख्नका लागि वृक्षारोपण गरौं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुऱ्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

नवदुर्गा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मणिलेक, डडेल्धुरा

## दशरथचन्द नगरपालिका बैतडीको अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुऱ्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं। यसले दुर्घटना र सरसफाइमा समस्या ल्याउँछ।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

दशरथचन्द नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खलंगा गढी, बैतडी

## सिगास गाउँपालिका बैतडीको अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- जैविक विविधताको संरक्षण, संवर्धन र रक्षा गरौं । प्राकृतिक सन्तुलन कायम राख्न यो अपरिहार्य छ । वातावरण सफा राख्नका लागि वृक्षारोपण गरौं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुऱ्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

सिगास गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गर्जे, बैतडी

## डिभिजन वन कार्यालय, डडेल्धुराको जनहितमा जारी सन्देश

वन संरक्षण हाम्रो दायित्व, समृद्धि र सन्तुलित वातावरणको आधार
वन छ भने जीवन छ, वन बचाऔं भविष्य बनाऔं।

वन क्षेत्रमा अवैध रूपमा चरिचरन गर्ने, दाउरा काट्ने, घाँस संकलन गर्ने, आगो लगाउने, बालुवा गिट्टी उत्खनन गर्ने कार्य गैरकानुनी हो। यस्तो कार्य गर्नेलाई वन ऐनअनुसार कानुनी कारबाही गरिनेछ।

सुदुरपश्चिम प्रदेश सरकार
उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय, डडेल्धुरा


डडेल्धुरा जिल्लाबाट प्रकाशित लाल बिगूल राष्ट्रिय दैनिकका लागि प्रकाशक तथा सम्पादक : करन साउद,कार्यकारी सम्पादकः जानकी धामी कानुनी सल्लाहकारः- ओम प्रकास सावद, बजार व्यवस्थापकः मदन बोहरा प्रधान कार्यालय अमरगढी ०५ डडेल्धुरा सम्पर्क नं. ९८५८७५१६०० इमेल : lalbigul.news@gmail.com मुद्रणः न्यू कैलपाल अफसेट प्रेश डडेल्धुरा